आज मिति २०७७ साल पौष २६ गते आइतबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७७/७८ को छैटौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा वसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुड्थापा | सदस्य एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य | ९८५८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य | ९८६८५२५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनारं (बाब्ली) | सदस्य | ९७४९०३६३५७ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८२५६९६११३ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८६८७२४०६२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री पुष्प बहादुर बुढा | सचिव नि.प्र.प्र.अ. | ९८४८५८६०५७ | |

आमन्त्रित:

| | | | | |
|---|---|---|---|---|
| २६. | श्री हिमा देवी कुँवर | का.वा.वडा अध्यक्ष वडा नं.८ | | |
| २७. | श्री नृप विश्वकर्मा | सहायक चौथो | ९८४८६०४९२० | |
| | | | | |

Scanned with CamScanner

प्रस्तावहरुः

१.रिपोर्टिङ
२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको श्रमिक बजेट र योजना बाँडफाँट सम्बन्धमा।
३. युवा रोजगार कार्यक्रम वडा छनौट सम्बन्धमा ।
४. बहुक्षेत्रीय पोषण योजना कार्यक्रम संशोधन सम्बन्धमा ।
५. निजी संरचना निर्माण सम्बन्धमा ।
६. सङ्घीय सरकार विशेष अनुदान माग गर्ने सम्बन्धमा ।
७. सङ्घीय सरकार समपुरक अनुदान माग गर्ने सम्बन्धमा ।
८. प्रदेश सरकार समपुरक अनुदान माग गर्ने सम्बन्धमा ।
९. डम्पिङ साइट निर्माणको स्थान परिवर्तन सम्बन्धमा ।
१०. विविध
क) योजना तथा कार्यक्रमको शीर्षक परिवर्तन सम्बन्धमा ।
ख) कृषि हाटबजार निर्माण सम्बन्धमा ।
ग) सुरक्षित नागरिक आवास कार्यक्रम लाभ
घ) शोक प्रस्ताव पारित सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. ०१**

प्रस्ताव नं. ०१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको पाँचौं कार्यपालिका बैठक यता करिब १ महिनाको समयावधिका बीच यस नगरपालिकाबाट सञ्चालित गतिविधिहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रिपोर्ट प्रस्तुत भई यस बीचमा साँफेबगर नगरपालिकाका १४ वटै वडा मार्फत सञ्चालित गतिविधिहरुको बारेमा सम्बन्धित वडा अध्यक्ष र आ-आफ्नो क्षेत्रको क्षेत्रगत रिपोर्टिङ नगर उप-प्रमुख र कार्यपालिका सदस्यहरुबाट प्रस्तुत हुँदा कार्य सञ्चालनार्थ देखिएका समस्या तथा ती समस्याको समाधानका उपाय तथा समसामयिक विषयमा पुनः नगर प्रमुखज्यूको सम्वोधन पश्चात रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. ०२**

प्रस्ताव नं. ०२ माथि छलफल गर्दा साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व. २०७७/०७८ का लागि सूचीकृत योजनाहरु मध्येबाट सञ्चालन हुनेगरी वडागतरुपमा तपसिल बमोजिम श्रमिक र बजेट बाँडफाँट गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

प्रधानमन्त्री रोजगार कार्यक्रम

| वडा नं. | कामदार संख्या | बजेट रकम रु. |
|---|---|---|
| १ | १७ | ८,७८,९००/- |
| २ | २४ | १२४०८००/- |
| ३ | २५ | १२९२५००/- |
| ४ | २९ | १४९९२००/- |
| ५ | २६ | १३४४२००/- |
| ६ | २७ | १३९५९००/- |
| ७ | ३० | १५५१०००/- |
| ८ | ३३ | १७६१०००/- |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ९ | ३६ | १८६१२००/- |
| १० | २० | १०३४०००/- |
| ११ | २९ | १४९९३००/- |
| १२ | २० | १०३४०००/- |
| १३ | ३३ | १७६१०००/- |
| १४ | ३८ | १९६४६००/- |
| जम्मा | ३८७ | २०००७९००/- |

**निर्णय नं. ०३**

प्रस्ताव नं. ०३ माथि छलफल गर्दा युवा रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिम वडा तथा युवा श्रमिकहरुको छनौट गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| वडा नं. | युवा श्रमिक संख्या | बजेट रकम रु. |
|---|---|---|
| १ | २० | १०,३४,०००/- |
| २ | २० | १०,३४,०००/- |
| १० | २० | १०,३४,०००/- |
| ११ | २० | १०,३४,०००/- |
| १४ | २० | १०,३४,०००/- |
| जम्मा | १०० | ५१,७०,०००/- |

**निर्णय नं. ०४**

प्रस्ताव नं. ०४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित बहुक्षेत्रीय पोषण योजना अन्तर्गत चालु आ.व. २०७७/०७८ का लागि साविक बजेटमा थप बजेट रकम १७ लाख ८३ हजार प्राप्त भई आएकोले यस नगरपालिका अन्तर्गत विषयगत शाखाहरुबाट सिफारिस भई आए बमोजिम तपसिल अनुसार संशोधन गरी अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

क. कृषि – १ लाख ४१ हजार- ६०० मिनिकीट थप गर्ने

ख. पशु- १ लाख ५६ हजार – पशु शिविर १४, १२ र ५ नं. वडामा

ग. स्वास्थ्य – ४ लाख ७९ हजार –स्वंयमसेविका ७ दिने तालिम

घ. खानेपानी – ८ लाख - प्रभा धम्कोट मा.वि.

ङ. शिक्षा- ३७ हजार १ सय – बालविकास सहजकर्ता तालिम

Scanned with CamScanner

निर्णय नं. ०५

प्रस्ताव नं. ०५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत १४ वटै वडामा रहेको सरकारी तथा सार्वजनिक (बिशेष गरी बजार क्षेत्रको) जग्गा दिन प्रतिदिन अतिक्रमण भईरहेको र सो जग्गालाई अतिक्रमणबाट जोगाउनु स्थानीय सरकारको कर्तव्य भएकोले ती जग्गाहरुमा हाल निर्माणाधीन रहेका निजी संरचनाहरुको निर्माण कार्य तत्काल बन्द गर्ने र यसपूर्व निर्माणाधीन रहेका र निर्माण भईसकेका संरचनाहरुको विवरण सम्बन्धित वडा कार्यालयहरुले तथ्याँक संकलन गर्ने र लालपुर्जा भएको जग्गामा भौतिक संरचना निर्माण गर्दा अनिवार्यरुपमा नक्सा पास गरेर मात्र निर्माण कार्य गर्न र बजार क्षेत्रमा निर्माण भईसकेका घरहरुको तथ्यांक संकलन गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ०६

प्रस्ताव नं. ०६ माथि छलफल गर्दा यस नगरपालिकामा आगामी आ.व. २०७८/०७९ मा निर्माण हुने गरी आवश्यकता र औचित्यता तथा प्राथमिकताको आधारमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम सङ्घीय सरकार विशेष अनुदान अन्तर्गत माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

क. प्रभाधम्कोट मा.वि. प्राविधिक तथा व्यावसायिक अधुरो छात्रावास भवन निर्माण योजना

ख. वैद्यनाथ धाम जेष्ठ नागरिक आवास गृह निर्माण

ग. साँफेबगर न.पा. अन्तर्गत विद्यालय बृहत सरसफाई परियोजना बालमैत्री,अपाङ्गमैत्री तथा किशोरीमैत्री स्यानेटरी प्याड डिस्पोज सहितको शौचालय निर्माण १७ वटा विद्यालय

घ. नगरस्तरीय अपाङ्ग र HIV संक्रमितहरुको आयआर्जन तथा क्षमता विकास कार्यक्रम

ङ. पोषण प्रवर्द्धनका लागि कृषिमा आधारित उत्पादन तथा उत्पादकत्व वृद्धि र आयआर्जन कार्यक्रम

निर्णय नं. ०७

प्रस्ताव नं. ०७ माथि छलफल गर्दा यस नगरपालिकामा आगामी आ.व. २०७८/०७९ मा निर्माण हुने गरी आवश्यकता र औचित्यता तथा प्राथमिकताको आधारमा तपसिंल बमोजिमका आयोजना तथा कार्यक्रम सङ्घीय सरकार समपुरक अनुदान अन्तर्गत माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

क. वडा कार्यालय भवन निर्माण वडा नं. ४ मष्टामाण्डौं

ख. वडा कार्यालय भवन निर्माण वडा नं. ३ सिद्धेश्वर

ग. वडा कार्यालय भवन निर्माण वडा नं. १ बैजनाथ

घ. वडा कार्यालय भवन निर्माण वडा नं. ५ नवाठाना

निर्णय नं. ०८

प्रस्ताव नं. ०८ माथि छलफल गर्दा यस नगरपालिकामा आगामी आ.व. २०७८/०७९ मा निर्माण हुने गरी आवश्यकता र औचित्यताको आधारमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

क. रिडीकोट बडासैन खेल मैदान निर्माण

ख. बैजनाथ कालिमाटी खेल मैदान निर्माण

ग. ठाँटी - देउलीखाँद सडक स्तरोन्नती

Scanned with CamScanner

निर्णय नं. ०९

प्रस्ताव नं. ०९ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा उत्पन्न हुने फोहरमैला व्यवस्थापनका लागि यस नगरपालिका वडा नं. १० घुघुरकोट स्थित कुमाईस्थानमा डम्पिङ्ग साइट निर्माण गर्ने भनी निर्धारण भएकोमाम उक्त क्षेत्रका स्थानीयबासीहरुको आपसी सहमती हुन नसक्दा हाल डम्पिङ्ग साइट सोही वडाको वडा कार्यालय नजिकै रहेको मट्टेवाडा भन्ने ठाउँमा निर्माण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० विविध (क) माथि छलफल गर्दा यस नगरपालिकाका तपसिल बमोजिमका वडा कार्यालय मार्फत चालु आ.व. २०७७/०७८ मा सञ्चालन हुने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको शीर्षक परिवर्तनका लागि सम्बन्धित वडा कार्यालयबाट अनुरोध भई आएकोले शीर्षक परिवर्तन गरी संशोधन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| वडा | योजना तथा कार्यक्रम | बजेट रकम | संशोधित योजना तथा कार्यक्रम | बजेट रकम |
|---|---|---|---|---|
| १३ | भैपरी आउने चालु खर्च | २०००००/- | बुढाबगर बाब्ला सडक मर्मत | २०००००/- |
| ११ | कैलाश प्रा.वि. पातल मर्मत तथा व्यवस्थापन | ७००००/- | कैलाश प्रा.वि. पातल शैक्षिक अनुदान | ७००००/- |
| ४ | क. सामुदायिक अध्ययन केन्द्र सामग्री खरिद | १०००००/- | सामुदायिक अध्ययन केन्द्र अनुदान | १०००००/- |
| | ख. भैपरी आउने (पूँजिगत) | ४०००००/- | बसपार्क निर्माण | ४०००००/- |

निर्णय नं. ११

प्रस्ताव नं. १० विविध (ख) माथि छलफल गर्दा सुदूरपश्चिम कृषि विकास निर्देशनालय अन्तर्गत निर्माण हुने कृषि हाटबजार निर्माणका लागि जग्गा उपलब्ध गराउने प्रतिबद्धता सहित यस नगरपालिकाका वडा नं. ३,४ र ५ बाहेकका ईच्छुक वडाहरुलाई नगरपालिकामा विवरण पठाउन निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. १२

प्रस्ताव नं. १० विविध (ग) माथि छलफल गर्दा यस नगरपालिकामा सामाजिक सहजकर्ता पदमा कार्यरत कर्मचारी विक्रम आउजीका पिता रगे आउजीको मिति २०७७ साल पौष १९ गतेका दिन भएको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव पारित गरियो ।

Scanned with CamScanner